# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/१२/०६ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

यातायात ब्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, बागमती, सुकेधारा काठमाडौंका कार्यालय प्रमुख(उप सचिव) सुन्दर भट्टराई, शाखा अधिकृत यामलाल ढकाल, र नायव सुब्बा यादव पौडेल समेतले बिदेशवाट जारी भएका सवारी चालक अनुमतिपत्रलाई नेपालीकरण गर्दा यकिन गर्नुपर्ने कागजातहरु यकिन नगरी नक्कली कागजातहरुको आधारमा घुस/रिसवत लिई सवारी चालक अनुमतिपत्र नेपालीकरण गरेको भन्ने विषयमा परेको उजुरीको विषयमा अनुसन्धान हुँदा जम्मा २३१५ थान बिदेशी सवारी चालक अनुमतिपत्र नेपालीकरण गरिएकोमा हाल सम्म १६९८ थान सवारी चालक अनुमतिपत्रको अनुसन्धान हुँदा निजहरु कार्यालय प्रमुख सुन्दर भट्टराई, शाखा अधिकृत यामलाल ढकाल र नायव सुब्बा यादव पौडेलले यातायात व्यवस्था कार्यालय सुकेधारामा नेपालीकरणको कार्य शुरु भएदेखि नै नेपालीकरणको जिम्मेवारीमा रही विदेशी सवारीचालक अनुमतिपत्रलाई नेपालीकरण गर्ने क्रममा गलत लिखत तयार गर्दै सम्बन्धित राजदुतावास, कन्सुलर सेवा विभाग, भीषा, सवारी चालक अनुमतिपत्रहरु किर्ते सृजना गरी उक्त कागजातहरु यकिन गर्नको निमित्त भिडाइ रुजु गर्ने, जाचँबुझ गर्ने जस्ता कुनै कार्यहरु नगरी सोही कागजातहरुका आधारमा ८५५ जनाको विदेशी सवारी चालक अनुमतिपत्रलाई प्रत्यक्ष रुपमा संलग्न भै अनुसन्धानको क्रममा आयोगको सम्पर्कमा आएका २१ जना सेवाग्राहीहरुसँग जम्मा रु.५,०४,८५०/- (पाचँ लाख चार हजार आठ सय पचास) घुस/रिसवत लिनुखानु गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ९ मा परिभाषित कसूर गरेको देखिन आएकोले निजहरुलाई बिगो रु. ५,०४,८५०/- (पाचँ लाख चार हजार आठ सय पचास)कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम जरिवाना र कैद सजाय हुन तथा दफा ९ बमोजिम कैद र जरिवाना हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै अनुसन्धानको क्रममा पक्राउ परी आएका लेखापढी ब्यवसायी राजु सेढाईले बिदेशबाट जारी भएका सवारी चालक अनुमतिपत्रलाई नेपालीकरण गर्ने क्रममा आवश्यक कागजात मिलाइदिने शर्तमा नायव सुब्बा यादव पौडेलसँग मिलेमतो गरी नेपालीकरण गराउने बहानामा सेवाग्राहीहरु संग घुस रकम माग गरी रु.८०,०००/- (असी हजार) घुस रकम लिई घुस लेनदेन कार्यमा मतियारको भूमिका निर्वाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ मा परिभाषित कसूर गरेको देखिन आएकोले निजलाई बिगो रु.८०,०००/-(असी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ङ) ले हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुल कसुरदार सरह नै कैद र बिगो बमोजिम जरिवाना हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता